# पनौती नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या :९ मिति : २०७७/०९/२३

भाग-२


## पनौती नगरपालिकाको

# बाल विवाह विरुद्धको अभियान कार्यक्रम (संचालन) कार्यविधि २०७७

**प्रस्तावना : देश**मा रहेको बालविवाह जस्ता कुप्रथाहरुको अन्त्य, बालिकाहरुको सर्वपक्षिय विकासको लागि स्थानीय समुदाय र विकासमा साझेदार निकायलाई परिचालन गर्दै कुप्रथा विरुद्धको सचेतनाका लागि बालबालिकाहरुको सहभागीता बढाउन बान्छनीय देखिएकोले प्रशासकीय (नियमित गर्ने) कार्यविधि ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पनौती नगरपालिकाको

मिति २०७७/०९/२१ को कार्यपालिका बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "**बाल विवाह विरुद्धको अभियान कार्यक्रम (संचालन) कार्यविधि २०७७**" रहेको छ ।

(२) यो कार्यविधि पनौती नगरपालिका नगरकार्यपालिकाले स्वीकृत भई राजपत्रमा प्रकाशित भए पश्चात लागु हुने छ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यालय" भन्नाले पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) " कार्यक्रम " भन्नाले नियम ३ बमोजिम **बाल विवाह विरुद्धको अभियान कार्यक्रम** सम्झनु पर्दछ ।

ग) "बालबालिका" भन्नाले प्रचलित नेपाल कानुन अनुसार १८ वर्ष मुनिको उमेर समुह भएका बालबालिकाहरुलाई सम्झनु पर्दछ ।

घ) "वालविवाह" भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनु पर्दछ ।

**३. कार्यक्रम (संचालन) कार्यविधिको उद्धेश्य :**

क) वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख) बाल विवाहका सम्वन्धमा विद्यमान सामाजिक, साँस्कृतिक, परम्परागत हानिकारक अभ्यास र मान्यतामा आधारित सोच तथा व्यवहार परिवर्तनका लागि बालबालिका, किशोर किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामाजिक अगुवा, संघ संस्था लगायत अन्य सम्बद्ध सरोकारवालाहरुको क्षमता विकास गर्ने ।

ग) बाल विवाह विरुद्धका अभियानमा बालक ,किशोर तथा पुरुषहरुको सहभागीता सुनिश्चित गर्ने ।

घ) बाल विवाह अन्त्यका लागि सवै सरोकारवालाहरुसंग सहकार्य गर्ने ।

ङ) बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मुल्यांकन गर्ने ।

४. **कार्यक्रम संचालन :** यस कार्यविधि बमोजिम **बाल विवाह विरुद्धको अभियान कार्यक्रम** संचालन गरिनेछ ।

क) बाल विवाह अन्त्यका लागि पनौती नगरपालिकाले रणनीति निर्माण तथा कार्यान्वयन गर्नेछ ।

ख) बाल विवाह विरुद्ध सामुदायिक स्तरमा बाल क्लब, युवा क्लब, किशोर किशोरी समुह अन्य समुह निर्माण गर्ने वा भएका समुहमा बालबालिकाहरुको सहभागीतालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने, टि.एल.ओ. लाई परिचालन गर्ने ।

ग) बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरुको सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

घ) बालविवाह बिरुद्ध सामाजिक अभियान संचालन गर्न बाल क्लब र समुदायका बालबालिकाहरुको क्षमता अभिबृद्धि गर्न आवश्यक तालिमको व्यवस्थापन गर्ने ।

ङ) सरकारी, गैर सरकारी र निजि संघ संस्थाहरुसंग समन्वय गरि बाल विवाह बिरुद्ध पारिवारीक जनचेतना जगाउने कार्यक्रमहरु संचालन गर्ने ।

च) बालविवाह लैङ्गिक विभेद पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा बालबालिका, किशोर, किशोरी तथा महिला पुरुषहरुलाई सहभागिता गराई सचेतना कार्यक्रम संचालन गर्ने ।

५. **बजेट बाडफाँड :** यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न विनियोजित बजेट नियमानुसार बाँडफाँड गरि खर्च गर्नु पर्नेछ ।

६. **खर्च तथा लेखा परिक्षण :** बाल विवाह अन्त्यका लागि प्राप्त भएको सशर्त र आन्तरिक तर्फको रकमको खर्च गरी आय व्ययको विवरण प्रचलित कानुन बमोजिमको लेखा राख्नु पर्नेछ । कार्यक्रम खर्चको लेखापरीक्षण र अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ । सोको प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

७. **अनुगमन र मुल्यांकन :** पनौती नगरपालिका, सामाजिक विकास मन्त्रालय तथा अन्य सम्बन्धित निकायहरुबाट कार्यक्रमको अनुगमन तथा मुल्यांकन गरिने छ ।

८. **प्रतिवेदन :** बाल विवाह तथा बालबालिका विरुद्धका हिंसाका घट्ना व्यवस्थापन सम्वन्धि कार्यक्रमको प्रगती प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तयार गरी पनौती नगरपालिकाले सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

९. **विविध :** बाल विवाह तथा बालबालिका माथि हुने हिंसा सम्वन्धि सचेतनामुलक कार्यक्रम संचालन गर्दा वालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीतिलाई समेत आधार मान्नुपर्नेछ ।

१०. **बाधा अड्काउ फुकाउ** : यो कार्यविधि उपर थपघट हेरफेर गर्नु पर्ने भएमा कार्यपलिकाले आवश्यक निर्णय गर्नेछ ।

११. **खारेजी र बचाउ :** यो कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै वमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०७७/०९/२२** **रामप्रसाद वाग्ले**

**प्रमुख प्रशासकीय अधिकृत**